बेनीघाट रोराङ गाउँपालिकाको तेह्रौं गाउँसभामा
गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक)
द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
२०८० असार ०७

**गाउँसभाका सदस्य ज्यूहरु**

बेनीघाट रोराङ गाउँपालिकाको गरीमामय तेह्रौ गाउँसभामा आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा गौरवान्वित महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन लगायतका बलिदानी पुर्ण संघर्षहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञान-अज्ञान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि विभिन्न लोकतान्त्रिक आन्दोलनमा घाईते योद्धा, अपाङ्ग, वेपत्ता नागरिक र तिनका परिवारहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

संघीयताको महत्वपूर्ण जगको रुपमा रहेको स्थानीय सरकार जनताको नजिकको सरकार हो । नागरिकको सुख र दुःखको साथीको रुपमा स्थानीय सरकार रहेको छ । नागरिकको घरदैलोको सरकार स्थानीय सरकार भएको हुँदा स्थानीय तहसँग नागरिकका आशा र अपेक्षाहरु धेरै नै रहेका हुन्छन् । तसर्थ स्थानीय सरकारको रुपमा रहेका स्थानीय तहहरुले पनि पालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि आम नागरिकलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने आवश्यकता रहेको छ । नेपालको संविधान, संघ, प्रदेश तथा गाउँपालिकाको आवधिक योजना, दीगो विकास लक्ष्य नेपाल सरकारको नीति तथा कार्यक्रम लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुको सुझाव समेतका आधारमा समृद्ध बेनीघाट रोराङ गाउँपालिकाको आंकाक्षा पुरा गर्न "समृद्ध बेनीघाट रोराङको आधारः कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार" भन्ने दीर्घकालीन सोचका साथ आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ ।

बेनीघाट रोराङ गाउँपालिका भित्र रहेको गरीवी, अशिक्षा, बेरोजगारी जस्ता समस्याहरुको निराकरणका लागि कृषि तथा पशुपालन क्षेत्रको विकास, शिक्षा, स्वास्थ्य, पूर्वाधार, घरेलु तथा साना उद्योगको विकास जस्ता क्षेत्रहरुलाई मुख्य प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरीएको छ । आवश्यकताका अनगिन्ती पहाडहरु बीच गाउँपालिकाको सीमित श्रोत र साधनहरुलाई न्यायोचित प्रयोग गर्दै हाम्रा असीमित आवश्यकता र चाहनाहरुलाई प्राथमिकताका आधारमा क्रमश पुरा गर्दै समृद्धि हासिल गर्ने अभिष्ठ सोचका साथ बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८०/२०८१ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्नु चाहन्छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**आर्थिक विकास**

**<u>कृषि विकास</u>**

१. नेपाल कृषि प्रधान देश हो हामी नेपालीहरु कुनै कुनै रुपमा कृषिमा आधारित छौं । त्यसैले मैले आ.व. २०८०/०८१ लाई कृषि वर्षको रुपमा घोषणा गरेको छु र उल्लेखनिय कृषि योजनाहरु तय गर्ने जमर्को गर्दै कृषि क्षेत्रमा लगानी मैत्री वातावरण बनाई गाउँपालिकाको कृषि उत्पादनमा जोड नीति लिइनेछ ।

२. **कृषि तथा पशुपालन क्षेत्रमा लगानी किसानको जीवनस्तर सुधारको थालनी** को नीति लिई खाद्यान्न, तरकारी, फलफुल, दुग्धजन्य र मासुजन्य उत्पादन वृद्धि गरी किसानको जीवनस्तरमा सुधार

ल्याइनेछ । आधुनिक कृषि प्रविधि तथा उपकरणको प्रयोग गरी उत्पादन वृद्धिमा जोड दिइनेछ ।

३. बेमौसमी तरकारी खेतिका लागि बाँसद्वारा निर्मित प्लास्टिक टनेल निर्माण गर्दै आगामी वर्षहरुमा बेमौसममा समेत उल्लेखनीय परिमाणमा तरकारी उत्पादन गर्दै लगिने छ ।

४. ***सामुहिक तथा सहकारी खेती र एक ब्लक एक बाली खेती*** गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ । कृषि तथा पशुपालन सहकारीको सहकार्यमा कृषि, दुध तथा माछा मासुजन्य उद्योगको स्थापना र संचालन गरिनेछ ।

५. संघिय र प्रदेश सरकारसँगको समन्वयमा ***चेपाङ उत्थान कार्यक्रम*** संचालन गरी कृषि तथा पशुपालन, रैथाने बाली उत्पादन र प्रयोग गर्न प्रोत्साहित गरिनेछ । रैथाने खेती गर्ने किसानलाई कोदो, मकै, फापर, अदुवा, बेसार, पिंडालु जस्ता रैथाने बालीको विउ वितरण तथा प्राविधिक सहायता उपलब्ध गराईने छ ।

६. वैंक तथा वित्तिय संस्था र सहकारीहरुलाई अनिवार्य कृषि ऋण प्रवाह गर्न समन्वय गरिनेछ । गाउँपालिका क्षेत्र भित्रका कृषि तथा बचत ऋण सहकारीहरुलाई निश्चित प्रतिशत कृषि तथा उत्पादन मूलक उद्योगमा लगानी गर्नुपर्ने व्यवस्था गरिनेछ ।

७. रैथाने बाली कोदो, मकै, फापर, बेसार, अदुवा, केरा, मह, पिँडालु जस्ता स्थानीय उत्पादनहरुको ब्राण्डिङ गरी बजारीकरण गरिनेछ ।

८. वडा न. ८ र ९ का साचक, घाङवाङ, दुङवाङ, वितेस, भार्पांङ लगायतका स्थानहरुमा कफी खेती प्रवर्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. चिउरी खेती गरीएका पहाडी भू-भाग तथा चिउरी खेतीको लागि सम्भावना बोकेका क्षेत्रहरूमा व्यवसायिक मौरीपालन कार्यक्रम सञ्चालनका लागि तालिम तथा मौरीको गोलासहितको घार वितरण गरिनेछ । विगतमा भएका चिउरीका बोटहरु मासिइ सकेको हुँदा चिउरी नर्सरी स्थापना गरी चिउरीका विरुवाहरु निःशुल्क वितरण गरिनेछ ।

१०. ***"एक वडा एक बिशेष उत्पादन"*** नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्दै लगिनेछ । **जस अनुसार वडा नं. १ चिया, अमृसो, आलु, वेमौसमी बन्दा, काउली खेती, वडा नं. २ मा आलु, प्याज, सुन्तला जातका फलफुलहरु, वडा नं. ३ मा केरा खेती र गोलभेडा, वडा नं. ४ मा लिचि खेती र तरकारी खेती, वडा नं. ५ मा विभिन्न जातका तरकारी खेती वडा नं. ६ मा सुन्तला, मौरी पालन र तरकारी खेती, वडा नं. ७ मा पशु पालन तथा तरकारी, वडा नं. ८ मा तरकारी र कफी खेती, वडा नं. ९ मा तरकारी खेती र वडा नं. १० मा सुन्तला, भेन्टे खुर्सानी खेती उत्पादनको पकेट क्षेत्र तय गरिनेछ ।**

११. बाली संरक्षण, माटोको नमुना सङ्कलन, आधुनिक प्रविधि, माटो उपचार, बाली उत्पादनोपरान्त हुने क्षती न्युनिकरण आदि बारे जानकारी दिनका लागि कृषकस्तरमा तालिम एवम जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

१२. माटोको अवस्थाबारे जानकारी प्राप्त गरी सोहि अनुरुप माटोको गुणस्तर सुधार तथा खेती प्रविधि अवलम्बनका लागि Moving Van द्वारा माटोको परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१३. आ.व. २०८०/८१ मा बजारमा बढी मात्रामा माग हुने पुष्प खेति प्रवर्धनका कार्यक्रम सुरुवात गरिनेछ ।

१४. दिगो स्थानीय आर्थिक विकासका लागि नीजि क्षेत्र, सहकारी, गैर सरकारी संस्था र स्थानीय समुदायसँग साझेदारीमा प्रभावकारी क्षमता विकास, उत्पादन वृद्धि, उद्यम विकास, बजारीकरण, रोजगारी सिर्जना तथा पूर्वाधार निर्माणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१५. बीउ उत्पादनको लागि सम्भावना बोकेको आलु (वडा नं. १, सुन्दरनाँगी) र सिमी (वडा नं. ८, चैलिङ) का कृषकहरूलाई बिज्ञहरूको टोली मार्फत् बीउ उत्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । रैथाने बिउ जगेर्ना गर्नको लागि बिउ उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ । विज्ञहरुको सहयोगमा वर्णशंकर बिउ उत्पादनमा जोड दिइ बीउ उत्पादक किसानहरुलाई आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

१६. सुन्तला जातका फलफुलको सम्भावना बोकेको क्षेत्र दाराङ, घैराङ, दुम्लिङ, कात्तिके, धुषेनी, स्यादुल, जवाङ, बाँसपुर, जस्ता क्षेत्रहरूमा सुन्तला प्रवर्द्धन कार्यक्रम सँगसंगै तालिम, विरुवा वितरण, सिंचाई, बाली संरक्षणसँग सम्बन्धित क्रियाकलापहरूलाई जोडिनेछ ।

१७. **एक घर एक करेसा बारी**को नीति लिई प्रत्येक नागरिकलाई पोषिलो खानेकुरा आफैं उत्पादन गरी त्यसको उपयोग मार्फत पोषण सुधारमा जोड दिइनेछ ।

१८. विद्यालयका भाई-बहिनीहरूलाई पढाइ बाहेक अतिरिक्त क्रियाकलापहरूमा सहभागी गराउनको लागि करेसाबारी निर्माण तथा सञ्चालनको लागि तरकारीको उन्नत/वर्णशङ्कर जातका बीउ वितरण तथा प्राविधिक सेवा/टेवा पुर्याउने व्यवस्था मिलाईनेछ ।

१९. बालीनालीमा आकस्मिक रुपमा देखा पर्ने समस्याहरूको लागि आकस्मिक बाली संरक्षण सेवा विस्तार गरिनेछ ।

२०. **उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम** संचालन गरी वास्तविक किसानहरुलाई प्रोत्साहन गरीने नीति लिइनेछ । दुध उत्पादक किसानलाई प्रतिलिटर दुधमा अनुदान दिने व्यवस्था मिलाईने छ ।

२१. १० वटै वडाहरुको एउटा/एउटा सडकलाई कृषि सडक घोषणा गरी बाह्रै महिना संचालन ल्याइने छ ।

२२. थोपा सिंचाई प्लाष्टिक पोखरी कार्यक्रम संचालन गरिनेछ ।

**<u>पशु सेवा</u>**

२३. पशुपंक्षी पालन व्यवसायलाई प्रोत्साहन गर्नको लागि दुग्धजन्य तथा मासुजन्य उत्पादनलाई बजार प्रणालीसँग आबद्ध गरी उत्पादन वृद्धिमा प्रोत्साहन गरिनेछ । सोका लागि चरौंदीमा स्थापित दुग्ध चिस्यान केन्द्रलाई प्रभावकारी रुपमा संचालनमा ल्याउन आवश्यक व्यवस्था मिलाईने छ । सोका लागी भैंसीको पाडी, गाईका बाच्छि किसानहरुलाई वितरण गरिनेछ ।

२४. गाउँपालिकाको वडा नं. ७, चाँपटारमा बाख्रा फार्ममा बाख्राको नश्ल सुधार, कृषकहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । साथै पाठापाठी पैंचो कार्यक्रम संचालन गरिनेछ ।

२५. दुध र मासु उत्पादन बृद्धिको लागि व्यावसायिक फार्महरुलाई विभिन्न खालका अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. पशुपंक्षिमा देखिने संक्रामक रोग नियन्त्रणको लागि उपचार र खोप कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२७. पशुपालनमा उत्पादन लागत घटाउनको लागि कृषकहरुलाई उन्नत घाँस खेतिको लागि प्रोत्साहित गरिनेछ ।

२८. पशुपालक किसानको ब्यावसायिक सुरक्षाको लागि पशु बिमा तथा पशुहरुमा उत्पादन क्षमता वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई पालिकाभर विस्तार गरिनेछ ।

२९. पशुपालन व्यावसायलाई आधुनिकीकरण गर्नको लागि आवश्याक तालिम तथा विभिन्न उपकरण खरिदमा सहयोग गरिनेछ ।

३०. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आम जनताको जीवनस्तरमा सुधार ल्याउनको लागि कृषक वर्गीकरण गरी विशेष प्रोत्साहनको व्यवस्था, कृषिजन्य उत्पादनको सुरक्षा, भण्डारण तथा बजारको नीतिगत व्यवस्था गरी आधुनिक र व्यवसायिक कृषि प्रणालीको विकास गरिनेछ ।

## उद्योग तथा वाणिज्य

३१. गाउँपालिका भित्र उद्योग, व्यापार, ब्यावसाय सञ्चालन गर्न अनिवार्य रुपमा ईजाजत लिनुपर्ने र हाल सञ्चालनमा रहेका सबै व्यवसायहरुलाई सूचीकृत गर्ने नीति अवलम्वन गरिनेछ ।

३२. गाउँपालिका भित्र रहेका उद्योगी व्यवसायीहरुको हकहितकालागि उद्योग वाणिज्य संघ सँगको समन्वय तथा सहकार्यमा करदाता शिक्षा, कर असुली अभियान, करदाताहरुसँगको अन्तर्किया लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. सार्वजनिक नीजि साझेदारी नीति अवलम्वन गरिनेछ। औद्योगिक क्षेत्रकालागि लगानी मैत्री नीति अवलम्वन गरिनेछ।

३४. नीजि क्षेत्रसँगको सहकार्यमा दीर्घकालीन जडीबुटी, पर्यटन, तथा खानीजन्य उद्योगहरुको अध्ययनको सुरुवात गरिनेछ। तर पर्यावरण तथा वातावरण प्रदुषण गर्ने उद्योगलाई निरुत्साहित गर्ने नीति अबलम्बन गरिनेछ।

३५. विभिन्न आयआर्जनका लागि सीप विकास तालिम जस्तै मोटर साईकल, मोबाईल, सवारी चालक, कम्प्युटर, कपाल काट्ने, प्लम्विङ्ग, कुक, हाते ट्र्याक्टर मर्मत जस्ता तालिमहरु सञ्चालन गरी बेरोजगार नागरिकलाई आयआर्जनमा जोडिनेछ ।

३६. स्थानीय स्रोत साधनबाट निर्माण हुने बाँसको डोको, डालो, थुन्से लगायत सजावटका सामाग्री, पातको दुना टपरी उद्योग स्थापना गर्न प्रोत्साहित गरी आय आर्जनमा जोड दिइने छ ।

३७. गाउँपालिकाको मुख्य-मुख्य बजारहरुमा बजार व्यवस्थापन समिति गठन र समितिको क्षमता विकास गर्दै बजार व्यवस्थापनका लागि आवश्यक कार्य प्रारम्भ गरिनेछ ।

३८. स्थानीय घरेलु उद्यमशिलतामा आधारित लघु उद्यमिहरुलाई प्रोत्साहित गरिनेछ । साथै स्थानीय स्तरमा विभिन्न खालका घरेलु उद्योगहरु संचालनमा ल्याइनेछ ।

## पर्यटन

३९. पर्यटन विकासलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिनेछ। पर्यटकीय क्षेत्रको पहिचान गरी सम्भाव्य पर्यटकीय क्षेत्रको विकास गरिनेछ । पर्यटन प्रबर्द्धन अन्तर्गत त्रिशुली नदी र्‍यापटिङ, नोहक गुफा, मजदूर स्मृति सहिद पार्क, कृषक तालिम केन्द्र, कार्वाङचुली, रिचोक भञ्ज्याङ, जवाङ

सुन्तला बगैचा, सोलिघोप्टे सोलाभाजा, मनकामना मन्दिर, कोटगढी, सुन्दरनागी, ब्रुम्दी, ब्रुसवाङ, कान्द्राङगढी लगायतका क्षेत्रलाई पर्यटन गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । पर्यटकिय क्षेत्र सम्म पुग्न नक्साङ्कन, पहुँचमार्ग, संकेत चिन्ह र पर्यटक सुचना पाटी राखी त्यस्ता स्थल सम्मको पहुँच सहज बनाइनेछ ।

४०. महाभारत श्रृखलामा ट्रेकिङ रुटको विकास तथा विभिन्न बस्तिमा होमस्टे संचालनका लागि आवश्यक पहल गरी पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याइनेछ ।

४१. सुन्दरनागी, ब्रुम्दी क्षेत्रमा चिया पर्यटन प्रवर्धनका लागि चिया उत्पादन क्षेत्रको विकास गरिनेछ ।

४२. गाउँपालिकाको सुन्दर वस्तिहरु सुन्दरनागी, ब्रुम्दी, चाम भञ्याङ, चैलिङ, जवाङ तथा बाँसपुर, ब्रुसवाङलाई होमस्टेको रुपमा विकास गरी त्यस क्षेत्रको पर्यटन प्रवर्धन गरिनेछ ।

**<u>सहकारी तथा वितिय क्षेत्र</u>**

४३. सरकारको तीन खम्बे अर्थ नीतिलाई आत्मसात गर्दै यस गाउँपालिका भरी रहेका सहकारी संस्थाको विकास र प्रवर्द्धन लागि तालिम तथा अन्य कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४४. महिला तथा कृषि सहकारीहरुलाई साना अनुदान, लघुवित्त तालिमजस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४५. गाउँपालिका भित्र भएका सहकारीहरुको लगानी उत्पादन मूलक क्षेत्रमा गर्ने वातावरण श्रृजना गरिनेछ । कृषिको क्षेत्रमा विशेष योगदान पुऱ्याएका सहकारीहरुसँग गाउँपालिकाले साझेदारी गर्नेछ ।

४६. गाउँपालिका क्षेत्र भित्र सञ्चालित बैंक तथा वित्तीय संस्थाहरुलाई गाउँपालिकामा दर्ता हुन र नयाँ वित्तीय संस्था खोल्नु पूर्व अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने नीति अवलम्बन गरिनेछ ।

४७. अन्तराष्ट्रिय गैर सरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँमा विशेष लगानी गर्न चाहेमा त्यस्ता संस्थाका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

४८. गाउँपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको सहकार्यमा किसानको जीवनस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । साथै सहकारीहरुलाई उत्पादनसँग जोड्नका लागि **सहकारी सँग रोजगारी कार्यक्रम** संचालन गरिनेछ ।

**<u>रोजगार तथा उद्यम विकास</u>**

४९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडि बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरी वडा तहमा समेत लागत साझेदारी गराउन र रोजगारीको प्रबन्ध र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । यस्तो साझेदारीमा आवश्यक कार्यविधि बनाएर श्रमिकको ज्याला तर्फको खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामाग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।

५०. गाउँपालिका तथा वडा स्तरीय आयोजनामा रोजगार सेवा केन्द्र मार्फत श्रमिकको आपूर्ति गर्न पहल गरिनेछ ।

५१. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उनीहरुको सीप र क्षमताको आधारमा स्थानीय स्तरमै प्रयोग हुने खालका योजनाहरु बनाएर समन्वय गरिनेछ ।

५२. ***सीप सिकौं, स्वरोजगार बनौं*** भन्ने आदर्श वाक्यलाई मूर्त रुप दिन विभिन्न तालिम र वैदेशिक रोजगार मार्फत आर्जन गरेका सीपलाई मान्यता प्रदान गर्न सीप परिक्षणको संस्थागत प्रबन्ध मिलाइनेछ ।

५३. स्थानीय स्तरमा रोजगारीको प्रवर्धनका लागि आवश्यक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगार सुचि अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिका भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।

५४. वैदेशिक रोजगारीमा जाने व्यक्तिको लागि श्रम स्वीकृति र पुनःश्रम स्वीकृतीको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

५५. ***श्रमको सम्मान राष्ट्रको अभियान*** भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसरहरुको सिर्जना गर्न कुनै पनि काम सानो या ठुलो हुदैन भन्ने भावना जागृत गराई कामको सम्मान गर्ने परिपाटीको विकास गर्दै स्वरोजगार उन्मुख जीवनशैली उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको व्यवस्थापन गराईनेछ ।

५६. लघु उद्यम, समुदाय सशक्तिकरण, सीप मूलक तथा आयआर्जन कार्यक्रमको माध्यमबाट बेनीघाट रोराङ गाउँपालिकामा रहेका बेरोजगारी समस्या न्यूनिकरण गरिनेछ ।

५७. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममूलक योजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराइनेछ ।

५८. आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिइनेछ । युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न गराइनेछ ।

५९. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ । गाउँपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारीहरुलाई प्राथमिकतामा राखिनेछ ।

६०. प्रत्येक वडामा मागको आधारमा उद्यमशिलता विकास तालिम सञ्चालन गरी स्वरोजगार सृजना गरिनेछ ।

६१. डेरी, चिस्यान केन्द्र, जुस, कृषिजन्य वस्तुहरुको ग्रेडिङ प्याकेजिङ हस्तकला साना उद्योग संचालन गरिनेछ ।

६२. महिला उद्यमिबाट उत्पादित वस्तुहरु विक्री गर्न पालिका कोसेली घरलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

## सामाजिक विकास

### शिक्षा

**"शिक्षामा सुधार-प्रगतिको आधार"**

६३. सिमान्तकृत चेपाङ समुदायको शैक्षिक विकासको लागि चेपाङ आवासीय विद्यालय स्थापना र सञ्चालनको लागि पहल गरिनेछ । माध्यमिक तहसम्मको अध्ययनमा चेपाङ समुदायका विद्यार्थीहरुलाई प्रोत्साहन मूलक कार्यक्रम ल्याइनेछ ।

६४. गाउँपालिकाबाट नियुक्त बालविकास शिक्षकहरुका लागि हाल खाईपाई आएको पारिश्रमिकमा रु. २,०००।- वृद्धि गरिनेछ ।

६५. विद्यालय शिक्षालाई बालमैत्री, प्रतिष्ठित, श्रृजनशील, सहज र सुलभ बनाइनुका साथै प्रत्येक विद्यालयमा हप्तामा एक पटक प्राविधिक विषयमा अध्ययन अध्यापनको व्यवस्था मिलाइनेछ ।

६६. विद्यालय भित्रको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई बढी जिम्मेवार वनाई अघि वढ्नका लागि विद्यालय संस्थागत स्वमूल्याङ्कनको परिपाटीलाई केही विद्यालयहरुबाट लागू गरी क्रमशः अरु विद्यालयहरुमा विस्तार गरिनेछ र यसैको आधारमा विद्यालयहरुलाई ग्रेडिङ गरिनेछ ।

६७. गाउँपालिका भित्रका विद्यालयहरुको नक्शाङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।

६८. विद्यालयका सम्पूर्ण शिक्षकहरु वर्षमा कम्तिमा दुई पटक अभिभावकहरुको घरदैलोमा पुग्ने नीति अवलम्बन गरिनेछ। अभिभावक शिक्षा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।

६९. विद्यालयभित्र कार्यरत शिक्षकहरुमा आन्तरिक प्रतिष्पर्धाको भावना जागरण गराउन प्रधानाध्यापक तथा शिक्षकहरु वीच कार्यसम्पादन गर्ने वातावरण सिर्जना गर्नका लागि शिक्षा शाखा तथा विद्यालयका प्र.अ.हरुको क्षमता विकास गरिनेछ ।

७०. प्रारम्भिक बालविकास कक्षा तथा बालस्याहार केन्द्रहरूमा बालबालिकाका सुरक्षा, पोषण, खेल (सामग्री र स्थान), शयन स्थल, भवन, कक्षाकोठा लगायतका आवश्यक भौतिक पूर्वाधार, बाल स्याहार तथा सिकाइ सहजिकरण गरिनेछ । बालविकासको विहानीको रुपमा रहेको बाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकासमा जोड दिइने छ ।

७१. सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन नतिजाको आधारमा पुरस्कार र दण्डको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।

७२. शिक्षाको पहुँच अभिवृद्धि गर्नका लागि अति विपन्न तथा सिमान्तकृत बालबालिकाहरुलाई शैक्षिक सामाग्री, विद्यालय पोशाक आदिको क्रमशः व्यवस्थापन गरिनेछ। विद्यालय वाहिर रहेका विद्यालय जाने उमेरका बालबालिकाहरुलाई औपचारिक शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।

७३. स्थानीय तहको अधिकार क्षेत्रभित्र आएको माध्यमिक तह सम्मको शैक्षिक संस्थाको अनुमति तथा नियमन कार्यलाई व्यवस्थित बनाई समयसापेक्ष प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण श्रृजना गरिनेछ । शैक्षिक सत्र २०८० देखि आधारभूत तहको सवै कक्षामा स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।

७४. सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई गुणस्तरीय बनाउन खुल्ला सार्वजनिक सुनुवाई गरी समाज र पेशाप्रति उत्तरदायी बनाइनेछ ।

७५. शिक्षकहरु बिचको शैक्षणिक अनुभव आदानप्रदान मार्फत शिक्षण सिकाई कृयाकलापलाई प्रभावकारी बनाउन विषयगत समितिहरुलाई परिचालन गरिनेछ।

७६. विद्यालयमा उच्चस्तरीय नतिजा हासिल गर्ने गरीव, दलित, अपाङ्ग छात्राहरुलाई पुरस्कृत गरीने छ । टुहुरा बालबालिका तथा जोखिममा रहेका बालबालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम ल्याइने छ ।

७७. विद्यालय हाताभित्र हुने कुनै पनि प्रकारको लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गर्ने नीति अपनाइनेछ ।

७८. विद्यार्थी तथा शिक्षक प्रतिभा पहिचान कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ ।

७९. आफ्नो पालिका भित्रको नागरिकले पालिकाले चाहेको विषयमा विद्यावारिधी गर्न चाहेमा एक पटक रु. ५० हजार प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ । गाउँपालिका भित्रका विद्यार्थीहरुले प्राविधिक विषयमा स्नातक भन्दा माथी उच्च शिक्षा हाँसिल गर्न चाहेमा गाउँ कार्यपालिकाको निर्णयानुसार छात्रवृद्धि उपलब्ध गराइनेछ ।

८०. सामुदायिक सिकाई केन्द्रको क्षमता अभिवृद्धि मार्फत केन्द्रलाई सामूदायिक जागरण, मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदा संरक्षण र जनचेतना प्रवाह गर्ने केन्द्रको रुपमा विकास गरी आय आर्जको क्षेत्रहरुसँग जोडिनेछ ।

८१. शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्न गाउँ शिक्षा नियमावली जारी गरिनेछ ।

८२. सबै विद्यालयका कक्षा १२ सम्मका सबै बालबालिकाहरुको अपाङ्गता सम्बन्धी प्रारम्भिक पहिचान र तथ्यांक ब्यवस्थापन गरी सहायता सामग्री तथा आवश्यक सामग्रीको प्रबन्ध मिलाइनेछ ।

८३. प्रविधिमैत्री विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

८४. विद्यालयमा कृषि, उद्यमशिलता जस्ता विषय पठन पाठन गर्न प्रयोगात्मक अभ्यास गरिनेछ ।

८५. सबै विद्यालयमा विद्युत, कम्प्युटर तथा इन्टरनेटको व्यवस्था गर्रिदै लगिनेछ ।

८६. कक्षा ३, ५, ८, १० र १२ को शिक्षण सिकाई उपलब्धी परिक्षण गरिनेछ ।

८७. यसरी शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने गरी क्षेत्रगत समन्वय गरिनेछ ।

**युवा, खेलकुद तथा मनोरञ्जन**

**"हाम्रा युवा हामी संगै"**

८८. युवाहरुलाई लक्षित गरी वडा स्तरमा भैरहेका युवा तथा खेलकुद विकास समितिलाई थप सक्रिय बनाउँदै गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी युवा सशक्तिकरण र खेलकूदलाई प्रबर्दन गरिनेछ । विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउन खेलकुदका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८९. स्वास्थ्य, अनुशासन र राष्ट्रिय गरीमाका लागि खेलकुद र खेलाडीको प्रवर्द्धन गर्न कम्तिमा एक वडा एक खेलकुद मैदान निर्माण गर्ने नीति अवलम्बन गरिनेछ भने सामुदायिक विद्यालयका खेलकुद मैदानको स्तरोन्नति गर्ने नीति लिइनेछ ।

९०. युवाहरुलाई रोजगारीमा जोड्नका लागि युवा स्वरोजगार समिति गठन गरी समिति मार्फत रोजगारी सिर्जनाका अवसरहरुको पहिचान गर्दै साझेदार सस्थाहरु सँगको हातेमालोमा आ.व. २०८०/०८१ मा कम्तिमा थप ५०० जना युवालाई विभिन्न किसिमका सिपमूलक तालिम प्रदान गरी दक्षता सहित रोजगारीमा जोडिनेछ ।

९१. गाउँपालिकामा रहेका युवा क्लवहरुलाई सक्रिय बनाइ युवा जागरण अभियान सञ्चालन गरीने छ ।

**संस्कृति प्रबर्द्धन**

९२. गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठमन्दिर, पाटी, पौवा, कुवा, पधेरो, अन्तिम दाहसंस्कार गर्ने घाट जस्ता सम्पदाहरुको विस्तृत लागत तयार पारी पुनर्निर्माण तथा संरक्षणको कार्यलाई जोड दिइनेछ ।

९३. गाउँ क्षेत्र भित्रका सवै जात जाति, धर्म, सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यलाई प्राथमिकता दिंदै विभिन्न जात्रा, महोत्सव र पर्वहरुमा जातजाति विशेष सांस्कृतिक प्रबर्द्धनका लागि आवश्यक सहयोग गरिनेछ ।

९४. कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**"लघु उद्यमको साथ महिलाको आर्थिक विकास"**

९५. लैङ्गिक समानता तथा महिला शसक्तिकरणको नीतिलाई प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ।

९६. गाउँपालिकाको बजेट प्रणालीलाई लैगिंक उत्तरदायी बनाईनेछ र बार्षिक रुपमा लैगिंक समानता तथा सामाजिक समावेशिकरण परीक्षण गरिनेछ। उक्त परिक्षणबाट पहिचान भएका सुधारात्मक पक्षलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

९७. गाउँपालिकाभित्र भएको विभिन्न खालका सामाजिक विकृति र विसङ्गतिहरु जस्तै बालश्रम शोषण, बालहिंसा, बालवेचविखन, बालविवाह, लैङ्गिकता, भाषा, धर्म तथा संस्कृतिको नाममा गरीने बाल विभेद हटाउनकालागि बाल क्लव तथा बालबालिकाको क्षमता विकास गरी विभिन्न खालका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९८. गाउँपालिका भित्र भएका विभिन्न खालका लैङ्गिकतामा आधारित हिंसालाई निरुत्साहित गर्न आमा समुह, महिला सहकारी तथा टोल विकास संस्थाहरुसँगको साझेदारी मार्फत विभिन्न खालका चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

९९. महिला वर्गको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच पुऱ्याउन उनीहरुको सहभागितालाई सुनिश्चित गर्ने नीति अबलम्बन गर्दै महिला सशक्तिकरणमा जोड दिई उनीहरुलाई प्रतिस्पर्धी बनाइनेछ ।

१००. चेपाङ, दलित तथा एकल महिलाहरुको आयआर्जन क्षमता विकास र शसक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ

१०१. महिला तथा किशारीहरुमा हुने सबै किसिमका विभेद र हिसां अन्त्य गरिनेछ।

१०२. ***"सीप सिकौं आत्मनिर्भर बनौं"*** भन्ने नाराका साथ प्रत्येक टोलमा महिला समुह /आमा समुह/कृषक समुह/महिला सहकारीहरुको क्षमता विकास तथा समुह मार्फत आय आर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०३. मानव बेचविखन तथा ओसारपसार तथा जोखिममा रहेका समूह र समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक शसक्तिकरण गरिनेछ ।

१०४. वडास्तरमा मेलमिलाप केन्द्र मार्फत लैङ्गिक हिंसा, लगायतका सबै खाले हिंसालाई न्युनीकरण गरी अनुशासित र सभ्य समाज निर्माणको पहल गरिनेछ ।

१०५. पालिकास्तरमा हिंसा पीडित महिलाहरुका लागि स्थापना भएको लैगिंक हिंसा निवारण कोषलाई परिचालन गरी हिंसा पीडित महिलाहरुको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ।

१०६. सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढंगले अघि बढाइने छ ।

१०७. बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप गाउँपालिकामा यसको संस्थागत विकास गर्न शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, सामाजिक शाखा आदिका बीचमा ऐक्यवद्धता कायम गरी बालमैत्री स्थानीय शासन निर्माण गर्न पहल गरिनेछ ।

१०८. बेनीघाट रोराङ गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई बालमैत्रिपूर्ण बनाईनेछ ।

१०९. बाल क्लब संजाल र बाल अधिकार मञ्चलाई व्यवस्थित बनाईने छ ।

११०. ***"गाउँपालिकाको कानुन बालबालिकाले जानुन"*** भन्ने नाराका साथ **अध्यक्षसँग बालबालिका कार्यक्रम** सञ्चालन गरी बालबालिकाका हक अधिकार तथा कर्तव्य बारे सुसचित गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१११. ***"युवाहरुको जिम्मेवारी लागु औषध विरुद्ध हाम्रो खबरदारी"*** भन्ने नाराका साथ लागु औषध विरुद्ध रोकथाम तथा नियन्त्रणका कार्यक्रम हरु सञ्चालन गरिनेछ ।

११२. जेष्ठ नागरिकहरुको जीवन सम्मानित र सुरक्षित बनाउन जेष्ठ नागरिकहरुको सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

११३. अपाङ्गता भएका व्यक्तिहरुलाई सीप र क्षमता आत्मसम्मानका लागि अपाङ्गताको प्रकृति हेरी विभिन्न प्रकारका आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. अपाङ्गताको प्रकृति वर्गीकरणको अवस्थाको आधारमा परिचय पत्र वितरण गरी फरक क्षमता भएका व्यक्तिहरुलाई सेवा सुविधामा पहुँच अभिवृद्धि गर्दै सामाजिक न्यायको प्रत्याभुति दिईनेछ ।

११५. अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक परिचय पत्र वितरण तथा अभिलेख व्यवस्थापन निरन्तरता दिईनेछ साथै सहज पहुँच तथा सुविधाको लागि परिचय पत्र शिविर सञ्चालन गर्ने नीति लिईनेछ ।

११६. अपाङ्गता भएका व्यक्तिहरुको जीवनलाई सहज बनाउन आवश्यकता बमोजिमको सहायता सामाग्रि वितरण गरिनेछ ।

११७. बेनीघाट रोराङ गाउँपालिकालाई वि.सं. २०८७ सम्म बालमैत्रि गाउँपालिका घोषणा गरिनेछ ।

**स्वास्थ्य तर्फ**

११८. मातृ शिशु स्वास्थ्य एवम् पोषणमा सुधार ल्याउन संघिय र प्रदेश सरकारसँगको समन्वयमा ***पोषण विशेष*** कार्यक्रम संचालन गरिनेछ ।

११९. बेनीघाट स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नती गरी प्रयोगशाला सहितको मेडिकल अधिकृतको सेवालाई निरन्तरता दिईने छ ।

१२०. मातृ सुरक्षा कोष स्थापना तथा वर्थिङ सेन्टरको कर्मचारीहरुलाई क्षमता विकास गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

१२१. पालिका भित्र बसोबास गर्नुहुने सम्पूर्ण गर्भवती महिलाहरुको लागि प्रयोगशाला परिक्षण निशुल्क गरीनुको साथै पालिका भित्र एम्बुलेन्स सेवा निशुल्क गरिनेछ ।

१२२. पालिका भित्रका विभिन्न समुदायको विरामीहरुलाई आकष्मिक अवस्थामा गाडी भाडाँ निशुल्क गराई अस्पताल सम्म पुर्याउन मद्दत गरिनेछ ।

१२३. सिमान्तकृत समुदाय चेपाङ परिवार भित्र २ सन्तान भए पश्चात परिवार नियोजनको स्थायी सेवा लिए वापत पुरुषहरुको लागि प्रति व्यक्ति रु. ५,०००।- र महिलाहरुको लागि ५ वर्षे अस्थाई साधन प्रयोग गरेमा रु. २,०००।- र स्थायी सेवा (मिनिल्याप) गराएमा रु. ५,०००।- प्रोत्साहन रकम प्रदान गरिनेछ ।

१२४. गाउँपालिकाका प्रत्येक घरदैलोमा पुगी समुदाय स्तरमा भएको मानसिक रोगीहरुको पहिचान तथा व्यवस्थापनको लागि विशेषज्ञ सेवा संचालन गरिनेछ ।

१२५. ***"समुदायको सान - जेष्ठ नागरिकको सम्मान"*** भन्ने मान्यताका साथ जेष्ठ नागरिकहरुका लागि घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२६. पालिका भित्रका कुपोषित चेपाङ, गरीब, दलित, सिमान्तकृत तथा अपाङ्ग बालबालिकाहरुको पहिचान गरी कुपोषणको लेखाजोखाको आधारमा अति शीघ्र कुपोषित बालबालिकाहरुलाई पालिका अन्तर्गत चरौंदीमा स्थापना गरीएको **पोषण सुधार केन्द्रमा** राखेर निरन्तर उपचार गरिनेछ ।साथै स्वास्थ्य जटिलतामा रहेका बालबालिकाहरुलाई सुविधा युक्त अस्पतालहरुमा प्रेषण तथा उपचारमा समन्वय गराई लागत शुल्क प्रदान गरिनेछ ।

१२७. महिलाको पाठेघर तथा प्रसुती सम्बन्धि समस्यालाई समाधान गर्न विशेष शीविर तथा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. उपयुक्त मापदण्डको आधारमा स्वास्थ्य सस्थाहरुको मुल्याङ्कन गरी प्रगतीको आधारमा उत्कृष्ट कार्य गर्ने स्वास्थ्य संस्थालाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२९. शहिद बेपत्ता परिवारका सदस्यहरु तथा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य विमा संचालन गरिनेछ ।

१३०. गाउँपालिका भित्रका जनताहरुको शारिरीक तथा मानिसिक स्वास्थ्यलाई तन्दुरुस्त र प्रकृति मैत्री जीवन शैली अवलम्बन गर्न **योग अभ्यास** कार्यक्रम संचालन गरिनेछ ।

**<u>खानेपानी, सरसफाई तथा स्वच्छता</u>**

१३१. सुरक्षित खानेपानी प्रयोग सम्बन्धी उपभोक्ता केन्द्रित चेतनामूलक कार्यक्रमहरु संचालन गरीनुका साथै खानेपानीका मुहानहरुको संरक्षणका लागि उपयुक्त मापदण्ड बनाई संरक्षणकार्यलाई सुदृढ गरी उपभोक्ताहरुलाई वातावरण तथा सरसफाईप्रति उत्तरदायी बनाउने नीति अबलम्बन गरिनेछ।

१३२. गाउँपालिका भरिका खानेपानी प्रणाली निर्माण, मर्मत सम्भार, पुनःस्थापना तथा संचालन लगायतका खानेपानी सम्बन्धि सम्पूर्ण कार्य बेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड मार्फत संचालन गरिनेछ ।

१३३. खानेपानीको श्रोत संरक्षण गर्न ठाउँठाउँमा रिचार्जका लागि जलासय, पोखरीहरु निर्माण कार्यको लागि आवश्यक अध्ययन गरिनेछ भने खानेपानीका मुहानमा सामुहिक अधिकार स्थापित गरिनेछ।

१३४. सम्बेदनशील क्षेत्र र भूमिगत पानी प्रयोग गरेको स्थानहरुको विस्तृत अध्ययन गरी ग्रामिण खानेपानी ब्यवस्थापन वोर्ड मार्फत आबश्यक नियमन गरिनेछ ।

१३५. खानेपानी माग व्यवस्थापनलाई प्रोत्साहित गर्दै पानीको चुहावट नियन्त्रण गरी आपूर्तिमा सुधार गर्ने, खेर नफाल्ने जस्ता उपायहरुको अवलम्बन गरिनेछ।

१३६. स्थानीय खानेपानी तया सरसफाई आयोजनाहरु उपभोक्ताहरुको सक्रिय सहभागितामा तर्जुमा, बिकास, निर्माण, संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाई सिमान्तकृत समुदाय, महिला, लैंगिक अल्पसंख्यक तथा विपन्न बर्गका साथसाथै सबै जातजाति भाषा र समुदायको सहभागिता सुनिश्चित गर्न जोड दिईनेछ । सोको लागि वडा र टोल स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समिति गठन गरी आवश्यक सहजीकरण तथा परिचालन गरिनेछ ।

१३७. भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपहरुबाट हुन सक्ने क्षतिको जोखिम न्युनीकरणका लागि खानेपानी बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१३८. खानेपानी उपभोक्ता समितिद्वारा संचालित खानेपानी आयोजनाहरुलाई ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड मार्फत संचालन एवंम व्यवस्थापन गर्नको लागि सहज वातावरण सिर्जना गरिनेछ ।

१३९. वडा भित्र रहेका खानेपानी मुहानहरु पहिचान, संरक्षण र संवर्द्धन गरी सबै घरमा **एक घर–एक धारा** पुऱ्याउने नीति अवलवम्वन गरी पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्न पहल गरिनेछ ।

१४०. नयाँ निर्माण गरीने प्रत्येक घर धाराहरुमा मिटर जडान गरिनेछ । हाल मिटर जडान नभएका धाराहरुमा खानेपानी प्रणालीको दिगोपनाको लागि क्रमशः मिटर जडान गरीदै लगिनेछ।

१४१. सबै घरमा शौचालय निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनुका साथै शौचालय प्रयोग गर्ने, सावुन पानीले हात धुने तथा घर आगन सरसफाई गर्ने बानीको विकास गर्न सचेतना अभिवृद्धिको कार्य गरिनेछ।

१४२. खानेपानी तथा सरसफाईको क्षेत्रमा विभिन्न विकास साझेदारहरुसँग हातेमालो गरी साझेदारीमा योजनाहरुको निर्माण, मर्मत सम्भार तथा दिगो व्यवस्थापनका कार्य गरिनेछ ।

१४३. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी दिगो बिकास लक्ष्य हासिल गर्नको लागि पालिका स्तरीय खा. स. स्व. योजना (WASH-Plan) बनाई लागु गरिनेछ ।

१४४. उपभोक्ताको जनस्वास्थलाई मध्यनजर राख्दै खानेपानीको गुणस्तर परिक्षणको लागि गाउँपालिका स्तरमा मिनिल्याब सञ्चालन गरिनेछ । सोको सञ्चालन तथा व्यवस्थापन ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड मार्फत गरिनेछ ।

**<u>भौतिक पूर्वाधार क्षेत्र</u>**

**स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**

१४५. गाउँपालिका केन्द्रबाट प्रत्येक वडा केन्द्र सम्म व्यवस्थित सडक सञ्जाल कायम गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।

१४६. जोखिम संवेदनशील भू-उपयोग योजना, बालमैत्री तथा अपाङ्ग मैत्री पूर्वाधार, पूर्वाधार संरचनाहरुका लागि मर्मत संभार कोषको व्यवस्थालाई प्राथमिकता दिइनेछ।

१४७. गाउँपालिकाको अति आवश्यक विभिन्न स्थानमा संघ तथा प्रदेश सरकारको साझेदारीमा सडक पुल तथा झोलुङ्गेपुल निर्माणलाई तिव्रता दिनुका साथै निर्माण भएका झोलुङ्गे पुलहरुको संरक्षणको व्यवस्था मिलाईनेछ ।

१४८. गाउँपालिका भित्रका विभिन्न सडकहरुको नामाकरण गरिनेछ ।

**सिंचाई**

१४९. सिंचाईको क्षेत्रमा सार्वजनिक नीजि साझेदारिताको नीति अवलम्वन गरिनेछ । सिंचाई संरचनाको मर्मत तथा संभारमा जोड दिइनेछ ।

१५०. गाउँपालिकाले सिंचाईका आयोजनाहरुमा लगानी गर्दा कृषि उत्पादनको बढी संभावना भएको स्थानमा लगानी गर्ने नीति अवलम्वन गर्नेछ । नहर कुलोबाट सिंचाई हुन नसक्ने स्थानमा लिफ्ट सिंचाई, डिपवोरिङ, प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई कार्य गरिनेछ ।

**भवन तथा शहरी विकास**

१५१. राजमार्गको नजिकरहेका फजिमटार, खत्रिटार, धुषाटार, विशालटार, बाहुनटार तथा रिचोकटार जस्ता टारहरुमा नमुना वस्ति निर्माणको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ । शहरीकरण तथा वस्ती विकासको नीति निर्माण गरी कार्य योजना तयार गरी लागू गरिनेछ ।

१५२. गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण संहिता मापदण्ड, २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ । गाउँपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत निर्दिष्ट मापदण्डमा आधारित नक्सा पास र नियमित गर्ने अभियानलाई निश्चित समयसीमा तोकी कडाइ गरिनेछ । साथै अब उप्रान्त गाउपालिका भित्र बन्ने घरमा कम्तीमा १ रुख र १ सेफ्टी ट्यांकी अनिवार्य गरीने नीतिलाई निरन्तरता दिईनेछ ।

**उर्जा, लघु तथा साना जलविद्युत**

१५३. विद्युत पहुंच नपुगेका टोल वस्तीमा चालु आर्थिक वर्षभित्र केन्द्रीय प्रशारणको विद्युत सुविधा पुऱ्याउन आवश्यक पहल गरिनेछ । राजमार्ग क्षेत्र, मठ मन्दिरहरु, मरणघाट लगायतमा क्रमिक रुपमा सौर्य उर्जा जडान गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।

१५४. बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रसँगको समन्वयमा धुँवा रहित चुलो तथा बायो ग्यास प्लान्ट निर्माणलाई प्रोत्साहन गरिनेछ ।

१५५. बायोग्यास पलान्ट संचालन र प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

१५६. इन्डक्सन चुलोको प्रयोगलाई प्रोत्साहन गरी ग्यास तथा दाउराको खपत कम गर्न सहुलियत दरमा इन्डक्सन चुलो उपलब्ध गराईनेछ ।

**संचार**

१५७. नेपाल टेलिकमसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवाको विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

१५८. गाउँपालिका तथा वडा कार्यालयहरुमा इन्टरनेट सेवाको विस्तार गरी दैनिक प्रशासनिक कार्यलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन क्षेत्र**

**वन, वातावरण र जलवायु परिवर्तन**

१५९. ***"एक टोल एक चौतारी, बेनीघाट रोराङ सबैको फुलबारी"*** भन्ने नारालाई आत्मसात गर्दै हरेक टोलमा चौतारी निर्माण गर्न अभियान संचालन गरिनेछ ।

१६०. प्रत्येक वडामा कम्तिमा एक-एक वटा रिचार्ज पोखरीहरु निर्माण तथा संरक्षणका कार्यलाई शुरुवात गरिनेछ ।

१६१. सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ । गाउँ क्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि बढाइनेछ भने आवश्यकता अनुसार जडिबुटी विकास कार्यक्रम तथा भू-संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१६२. सार्वजनिक जग्गा, ऐलानी प्रति, बाटो चौतारो, चोक, एवं परम्मपरागत खुल्ला क्षेत्र र सरकारी जमिनलाई सिमाङ्कन गरी संरक्षण गरिनेछ । पहिरो तथा भूक्षय संवेदनशील क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरु अवलम्वन गरिनेछ।

१६३. गाउँपालिकाले जलवायु अनुकुलन नीति, योजना तथा जलवायु अनुकुलन कार्ययोजना निर्माण गर्नेछ । साथै जलवायु संरक्षणका लागि स्थानीय समुदायको सहभागिताका लागि अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६४. संकटमा पर्न लागेका कुवा, पोखरी, जलाशय संरक्षण तथा सम्बर्द्धन गर्ने नीति अंगिकार गरिनेछ । वाढी पहिरो वढी आउने तथा भूक्षयको वढी प्रकोप भएको ठाउँमा कृत्रिम पोखरी निर्माण गर्ने कामलाई प्राथमिकता दिइनेछ । साथै रैथाने जातका वोट विरुवाहरुको वीउ संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१६५. कृषि उत्पादन कम हुने वा जोखिमयुक्त खाली जग्गाहरुमा निजी वन व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ ।

१६६. खुल्ला सार्वजनिक नाङ्गो डाँडाहरुमा विभिन्न प्रजातीका वृक्षारोपण गरिनेछ ।

१६७. वन डडेलो नियन्त्रण सचेतना कार्यक्रम तथा डडेलो नियन्त्रण सामग्री खरिद तथा वितरण गरिनेछ ।

१६८. वन जंगलको संरक्षण गर्न तथा वृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्न वन नर्सरी स्थापना गरिनेछ ।

१६९. खोला नदी कटान नियन्त्रणका कार्यक्रम गरिनेछ ।

१७०. सामुदायिक तथा कवुलियति वन क्षेत्रमा बास, निगालो, अम्रिसो रोपण तथा जडिबुटीको खेती गरिनेछ ।

१७१. सामुदायिक वनमा दिगो व्यवस्थापन गरी पशुपालक किसानहरुलाई घाँस आपूर्तिमा विषेश कार्यक्रम संचालन गरिनेछ ।

**<u>फोहर मैला तथा ढल व्यवस्थापन</u>**

१७२. गाउँपालिका नागरिक र नीजिक्षेत्रको सहकार्यमा गाउँपालिका भित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यहरु अगाडी बढाईने छ । फोहोरको वर्गिकरण गरी प्राङ्गारीक मल उत्पादन तथा पुनः प्रयोगमा आउने फोहोरहरुको प्रशोधन, बिक्री वा प्रयोग गरी फोहोरमैला व्यवस्थापन गरिनेछ ।

१७३. त्रिशुली नदीको स्वच्छता पुनःस्थापित गर्न नदीमा फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न विशेष अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

१७४. राजमार्ग आसपासका घरहरुबाट उत्सर्जन हुने फोहोरहरुलाई स्रोतमा वर्गिकरण गरी गल्ने फोहोरलाई कम्पोष्टमल बनाई कृषि उत्पादनमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ । नगल्ने फोहोर लाई पुनःप्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गर्दै फोहरलाई मोहरमा रुपान्तरण गर्ने नीति

अवलम्वन गरिनेछ । गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र बनाउनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै समुदायको क्षमता विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

**विपद व्यवस्थापन**

१७५. गाउँपालिकामा विपद व्यवस्थापनका लागि एक विपद व्यवस्थापन कोषको निर्माण, विपद व्यवस्थापन कार्ययोजना निर्माण गरी विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरिनेछ । गाउँपालिकाका सवै वडाहरुमा विपद जोखिम न्युनिकरणका लागि जनचेतना मूलक कार्यक्रम, विपद व्यवस्थापन कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र**

**सामान्य सेवा**

१७६. संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरेको नेपालको संविधानले जनताको नजिकको सरकारको रुपमा स्थानीय तहलाई अधिकार र जिम्मेवारी दिएको छ । नागरिकका स्थानीय तहप्रति धेरै आशा र अपेक्षा रहेका छन् । नागरिकका कुरा सुन्ने, भावना बुझ्ने, विश्वास र भरोसा गर्न सक्ने तथा मन जित्ने गरी गाउँपालिकाको सेवामा सुधार र विस्तार गरिनेछ ।

१७७. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम, जन उत्तरदायी र अर्थपूर्ण वनाउन आन्तरिक लेखापरीक्षण शाखा, सार्वजनिक सुनुवाई, सार्वजनिक अडिट, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ । गाउँपालिकाको हरेक शाखाको संस्थागत विकासको अवस्थाको समीक्षा गरी प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका अध्यक्ष एवं प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका शाखा प्रमुखहरु बीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

१७८. कार्य सम्पादनमा उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन गर्ने परिपाटीको विकास गरिनेछ । जनप्रतिनिधि, गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुको क्षमता विकास गर्नका लागि क्षमता विकास योजना तयार गरी सो क्षेत्रमा श्रोत विनियोजन गरिनेछ ।

१७९. उपभोक्ता समितिसँग सम्झौता, व्यवसाय दर्ता, अपाङ्गता तथा जेष्ठ नागरिक परिचय पत्र वितरण, कृषि तथा पशु सेवा, स्वास्थ्य सेवा लगायतका सेवाहरु घुम्ती सिविर मार्फत घरदैलोमा सेवा प्रवाह गरिनेछ ।

१८०. जनतासँग जनप्रतिनिधी कार्यक्रम मार्फत नागरिकका गुनासा तथा समस्याहरुलाई सम्बोधन गरिनेछ ।

१८१. गाउँपालिकाले गरेका असल अभ्यासहरुलाई लिपिवद्ध गरी गाउँपालिकाको वेभसाईटमा राख्ने अभ्यासलाई प्रबर्द्धन गरिनेछ।

१८२. गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न गरिनेछ, वडा कार्यालयको भवनलाई सु-व्यवस्थित बनाउन विशेष पहल कदमी लिइनेछ ।

१८३. ***मैले तिरेको कर मेरो गाउँपालिकाको विकास र समृद्धिको लागि*** भन्ने दृढ संकल्पका साथ आन्तरिक आम्दानी र स्रोतहरुको खोजी, राजश्व संकलन तथा परिचालन गर्ने नीति लिइनेछ । करले हैन कर गाउँपालिकाको विकास हेर्ने रहरको लागि कर तिर्न प्रोत्साहित गरिनेछ ।

**पञ्जिकरण**

१८४. अनलाईन व्यक्तिगत घटनादर्ता प्रक्रियालाई थप वडाहरुमा विस्तार गर्दै लगिनेछ र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विवरणलाई थप अद्यावधिक गरिनेछ ।

**स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन**

१८५. तथ्यमा आधारित योजना तर्जुमा प्रक्रियालाई स्थापित गराउन विभिन्न विकास क्षेत्रका खण्डीकृत सूचनाहरु संकलन, विश्लेषण, प्रशोधन तथा भण्डारण गरी वेभसाईट मार्फत सबैलाई सहज पहुँच हुने व्यवस्था गरिनेछ।

**सुशासन प्रवर्द्धन**

१८६. प्रत्येक टोलमा टोल सुधार समिति गठन गरी उनीहरुको क्षमता विकास गर्दै गाउँपालिकाको हरेक क्रियाकलापमा टोल विकास समितिलाई संलग्न गराउदै लगिनेछ । योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्दा टोल विकास सस्थाहरुलाई प्राथमिकता दिईनेछ ।

१८७. गाउँपालिका भित्र सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई गुणस्तरीय तथा पारदर्शी बनाउन थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८८. जनताको सूचनाको हकलाई जीवन्त बनाई राख्न गाउँपालिका सम्बन्धी सूचना, आफूले गरेका असल काम, गाउँपालिकाले गरेका महत्वपूर्ण निर्णय, दुरदराजका जनताहरुलाई सुसूचित गर्न हरेक वर्ष सुशासन बुलेटिन प्रकाशन गरिनेछ । आफ्ना काम कारवाहीहरुलाई वेभसाईट, बुलेटिन, सूचनापाटी मार्फत पारदर्शी गरिनेछ।

१८९. भ्रष्टाचार मुक्त प्रशासनिक संरचनाको माध्यमबाट जनसेवामूखी प्रशासनको व्यवस्था र सुशासनको प्रत्याभूतिको नीति अवलम्बन गरिनेछ ।

१९०. गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

१९१. जनताको गुनासाहरुलाई सम्बोधन गर्न एक जना गुनासो सम्बोधन अधिकारीको व्यवस्था गरीनुको साथै गुनासो पेटिकाको व्यवस्थापन गरिनेछ । गाउँका जनताहरुको गुनासाहरु गुनासो पेटिकामा आउने वातावरण र आएका गुनासोहरुलाई समुचित रुपमा सम्बोधन गर्ने प्रबन्ध मिलाईनेछ ।

**अनुसन्धान, विकास र विविध**

१९२. गाउँपालिकाको आवधिक विकास योजनाको पुनरावलोकन गरी, विभिन्न क्षेत्रको गुरुयोजना वनाउने कामलाई प्राथमिकता दिइनेछ।

१९३. गाउँपालिकाको विकास निर्माणका गतिविधिहरुमा सहकार्यको संस्कृति निर्माण गरिनेछ । विभिन्न सामाजिक संघसंस्था सँग हाते मालो गरी विकास निर्माणका गतिविधिहरु अघि वढाइनेछ।

१९४. नविनतम ज्ञान प्रबर्द्धन गर्ने उद्देश्यले विभिन्न कार्यमूलक अनुसन्धानमा जोड दिइनेछ।

**गाउँसभाका सदस्यज्युहरु,**

असल आचरण, कुशल प्रशासन र सुशासन मार्फत जनताले खोजेजस्तो, रोजेजस्तो र चाहेजस्तो सेवा प्रवाह गरी बेनीघाट रोराङ निवासी नागरिकहरुको सन्तुष्टि आर्जन गर्न गाउँपालिका सँधै प्रतिबद्ध रहेको छ । जनताको अगाध माया र विश्वास हामीमाथि रहेको छ, हामीले नाता, धर्म, जाती, टोल वा पार्टी भन्दा माथि उठेर सवै वेनीघाट रोराङ निवासी आमावुवा, दिदिवहिनी, दाजुभाईहरुको विश्वासलाई कायम

राख्दै सवैको सल्लाह सुझावलाई ग्रहण गरी सबैलाई हाम्रो अभियानमा एकाकार गरेर अगाडि बढ्न सकेमा मात्र सबैको मुहारमा मुस्कान ल्याउन सकिन्छ भन्ने नै हाम्रो लक्ष्य हो ।

गाउँवासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरीएको क्षेत्रगत नीति तथा आधार अनुरुपमा बजेट निर्माण र प्रभावकारी कार्यान्वयन मार्फत विकासका लक्य हासिल हुनेमा विश्वस्त हुदै नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउनुहुने बेनीघाट रोराङ गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्युहरु, वडा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सम्पूर्ण कर्मचारीहरु, वडा सचिव लगायत वडा कार्यालयका कर्मचारीहरु, अन्य सरकारी कार्यालयका कर्मचारीहरु, शिक्षक, विभिन्न राजनीतिक दलका नेताज्यूहरु, संघसस्था, उद्योगी, व्यवसायी, तथा समस्त बेनीघाट रोराङ गाउँवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

# बेनीघाट रोराङ गाउँपालिका

**विशालटार, धादिङ**

**बागमती प्रदेश, नेपाल**

**e-mail: ito.benighatrorangmun@gmail.com**

**Website: www.benighatrorangmun.gov.np**